# ज्वालामूखी गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक
# २०७४

ज्वालमूखी गाउँपालिका
धादिङ जिल्ला
३ नं. प्रदेश
नेपाल

# ज्वालामूखी गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक २०७४


**<u>प्रकाशक</u>**

**ज्वालामूखी गाउँपालिकाको कार्यालय**
**साँधभञ्ज्याङ, धादिङ**
Email : info@jwalamukhimun.gov.np
Website: jwalamukhimun.gov.np

# ज्वालामूखी गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक २०७४

**प्रमाणीकरण मिति**

२५/०४/२०७४

## ज्वालामूखी गाउँपालिकाको अर्थसम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक

**प्रस्तावनाः**

ज्वालामूखी गाउँपालिका को आर्थिक वर्ष २०७४/०७५ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने , छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले , नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम ज्वालामूखी गाउँपालिकाको प्रथम गाउँ सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः**
   (१) यस ऐनको नाम "ज्वालामूखी गाउँपालिकाको आर्थिक ऐन, २०७४" रहेको छ ।
   (२) यो ऐन ज्वालामूखी गाउँपालिकाको गाउँसभाबाट पास भएको मिति देखि ज्वालामूखी गाउँपालिकाको सम्पूर्ण क्षेत्रमा लागू हुनेछ ।

२. **सम्पतिकरः** गाउँपालिका क्षेत्रभित्र अनुसूचि (१) बमोजिम एकिकृत सम्पत्तिकर/घर जग्गा कर लगाइने र असूलउपर गरिनेछ।

३. **घर वहाल करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन , घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले वहालमा दिएकोमा अनुसूचि (२) बमोजिम घर जग्गा/वहाल कर लगाइने र असूल गरिनेछ ।

४. **व्यवसाय करः** गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि (३) बमोजिम व्यवसाय कर लगाइ असूल उपर गरिनेछ ।

५. **जडिबुटी, कवाडी र जीवजन्तु करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषे ध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड , सिङ, प्वाँख, छाला

जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूचि (४) बमोजिमको कर लगाइ असूल उपर गरिनेछ ।

६. **सवारी साधन करः** गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूचि (५) बमोजिम सवारी साधन कर लगाइ असुल उपर गरिनेछ । तर, प्रदेश कानून स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

७. **विज्ञापन करः** गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि (६) बमोजिम विज्ञापन कर लगाइ असूल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

८. **मनोरन्जन करः** गाउँपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसूचि (७) बमोजिम व्यवसाय कर लगाइ असुल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

९. **बहाल बिटौरी शुल्कः** गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण , रेखदेख वा संचालन गरेका अनुसूचि (८) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचिमा भएको व्य वस्था अनुसार बहाल बिटौरी शुल्क लगाइ असूल उपर गरिनेछ ।

१०. **पार्किङ शुल्कः** गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूचि (९) बमोजिम पार्किङ शुल्क लगाइ असूल उपर गरिनेछ।

११. **ट्रेकिङ्ग, कोयोकिङ, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग , जिपफ्लायर र र्यामफ्टीङ्ग शुल्कः** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ्ग, कायोकिङ, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र र्याआफ्टीङ्गसेवा वा व्यवसाय संचालन गरेवापत अनुसूचि (१०) बमोजिमको शुल्क लगाइ असूल उपर गरिनेछ ।

१२. **सेवा शुल्क , दस्तुरः** गाउँपालिकाले निर्माण , संचालन वा व्यवस्थापन गरेका अनूसूचि ११ मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क असूल उपर गरिनेछ ।

१३. **पर्यटन शुल्कः** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुबाट अनुसूची १२ मा उल्लिखित दरमा पर्यटन शुल्क लगाई असुल उपर गरिनेछ । तर , प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१४. **कर छुटः** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन । तर साहारा विहिन , अपाङ्गता भएका

नागरिक, दैवि प्रकोप पिडित र एकल/विधवा महिलाको सिफारिस दस्तुर छुट दिन भने कुनै बाधा पर्ने छैन ।

१५. **कर तथा शुल्क संकलनसम्बन्धी कार्यविधिः** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलनसम्बन्धी कार्यविधि गाउँपालिकाले तोके अनुसार हुनेछ ।

१६. **संशोधनः** यो ऐनलाई आवश्यकता अनुसार गाउँसभाबाट आवश्यक संशोधन तथा परिमार्जन गर्न सकिने ।

१७. यस ऐन बमोजिम लगाइने कर नतिर्ने लगायत चोरी निकासी गरेको पाइएमा गाउँकार्यपालिकाले तोकिए बमोजिम दण्ड जरिवाना गर्न सकिने छ ।

**नेपालको संविधान २०७२ को धारा २२८ (२) बमोजिम**
**स्थानीय तहमा लगाइने करको दर**
**अनुसूचि - १**
**(ऐनको दफा २ संग सम्बन्धित)**
**१. सम्पति कर**
**१.१ घर कर**

| | | | |
|---|---|---|---|
| १ | **पक्की प्रतिघर** | ३०० | |
| २ | **कच्ची प्रतिघर** | १०० | |

**१.२ मालपोत दस्तुर**

| क.स. | विवरण | अब्बल | दोयम | सिम | चाहर |
|---|---|---|---|---|---|
| १ | खेत प्रति रोपनी | २० | १६ | १४ | ८ |
| २ | पाखो प्रति रोपनी | १६ | १२ | ८ | ४ |

**नोट : मालपोत उठाउंदा रु २०।- भन्दा कम शुल्क आएको खण्डमा रु २०। लाई न्युनतम रकम मानी रसिद काटिनेछ।**

**अनुसूचि - २**
**(ऐनको दफा ३ संग सम्बन्धित)**
**२. बहाल कर**

**२.१ घर वहाल कर**

| क.सं. | विवरण | शुल्क | कैफियत |
|---|---|---|---|
| १ | घर भाडा बापत घरधनिले पाउने वहाल रकमको | १० प्रतिशत | |

**२.२ अन्य बहाल कर**

| | | | |
|---|---|---|---|
| १ | भवन पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी बापत पाउने वहाल रकमको १० प्रतिशत | १० प्रतिशत | |

**अनुसूचि - ३**
**(ऐनको दफा ४ संग सम्बन्धित)**
**३. व्यवसाय**

| क.स | विवरण | दर्ता शुल्क | नविकरण शुल्क | कैफियत |
|---|---|---|---|---|
| **३.१** | **उपभोग्य सामग्री कर** | | | |
| १ | किराना पसल - (थोक) | २००० | १००० | |
| २ | किराना पसल (खुद्रा) | ८०० | ६०० | |
| ३ | साधारण पसल खुद्रा बिकेता | ८०० | ६०० | |
| ४ | तरकारी तथा फलफुल थोक पसल | ३००० | २००० | |
| ५ | तरकारी तथा फलफूल खुद्रा पसल | १००० | ५०० | |
| ६ | मासु र माछा पसल | १००० | ७०० | |

| | | | | |
|---|---|---|---|---|
| ३.२ | **व्यवसाय कर** | | | |
| १ | भाडा पसल | ८०० | ५०० | |
| २ | हार्डवेयर पसल | | | |
| ३ | रड, सिमेन्ट, कर्कट पाता (उच्च) | ३००० | २००० | बिस लाख भन्दा माथि |
| ४ | रड, सिमेन्ट, कर्कट पाता (मध्यय) | २००० | १२०० | बिस लाख भन्दा कम |
| ५ | रङ, रोगन, सिसा प्लाईउड पसल | १२०० | ९०० | |
| ६ | बिजुलीको सामान पसल ठूलो | १५०० | १००० | रु ५ लाख भन्दा बढी पुँजी |
| ७ | बिजुलीको सामन पसल सानो | १००० | ६०० | रु ५ लाख भन्दा कम पुँजी |
| ८ | सेनेटरी सामान पसल | २००० | १५०० | |
| ९ | रेडियो, टि.भी., घडी, क्यासेट, क्यामेरा, फ्रिज मोबाइल लगायत इलोक्ट्रोनिक्स सामान बिक्री पसल | १५०० | १००० | |
| १० | रेडियो, टि.भी., घडी, क्यासेट, क्यामेरा, फ्रिज मोबाइल लगायत इलोक्ट्रोनिक्स सामान मर्मत पसल | १००० | ५०० | |
| ११ | फर्निचर तथा काठको सामान बिक्रेता पसल | १००० | ६०० | |
| १२ | कपडा पसल | १५०० | १००० | |
| १३ | फेन्सी पसल | १५०० | १००० | |
| १४ | आर्ट व्यवसाय, फोटो स्टुडियो | २००० | १००० | |
| १५ | स्टेशनरी पुस्तक पसल थोक बिक्रेता | ३००० | १५०० | |
| १६ | स्टेशनरी पसल खुद्रा | १००० | ८०० | |
| १७ | वर्कशप | २००० | १५०० | |
| १८ | फ्रेस हाउस | ५००० | ३००० | |
| १९ | गिफ्ट तथा कस्मेटिक पसल | २००० | १५०० | |
| २० | ब्युटी पार्लर | २००० | १००० | |
| २१ | सुँनचाँदी पसल | ३००० | २००० | |
| २२ | टेन्ट हाउस र क्याटरिङ | ३००० | २००० | |
| २३ | मदिरा पसल (थोक बिक्रेता) | ५००० | ३००० | |
| २४ | मदिरा पसल (खुद्रा विक्रेता) | ३००० | २००० | |

| | | | | |
|---|---|---|---|---|
| २५ | सटिङ सुटिङ लेडिज  एण्ड जेन्स (कपडा सहित) | ३००० | २००० | |
| २६ | टेलरिङ (सिलाई मात्र) | १००० | १००० | |
| २७ | सैलुन | १००० | ६०० | |
| २८ | ब्यूटी पार्लर ट्रेनिङ सेन्टर | २००० | १५०० | |
| २९ | कम्प्युटर बिक्री/मर्मत | २००० | १५०० | |
| ३० | डोको, नाम्लो, भकारी, प्लाष्टिक तथा बेतबासका सामानहरु | १००० | ६०० | |
| ३१ | कवाडी ब्यवसाय | २००० | १००० | |
| ३२ | बैकल्पीक उर्जा | २००० | १००० | |
| ३३ | चस्मा पसल दर्ता | २००० | १५०० | |
| ३४ | सामूदायीक भबन तथा तालिम हल ( नाफामुलक) | ५०० | २०० | |

**३.३ कृषि तर्फ**

| | | | | |
|---|---|---|---|---|
| १ | पोल्ट्री फर्म | २००० | १००० | |
| २ | कृषि फर्म | २००० | १००० | |
| ३ | कृषि सामाग्री विक्री केन्द्र | २००० | १००० | |
| ४ | एग्रोभेट | २००० | १००० | |
| ५ | कृषि उपकरण मर्मत तथा विक्री | १००० | ८०० | |
| ६ | रासायनिक मल, विउ विजन, किटनाशक औषधि, दाना, चल्ला, बिक्री भेटेनरी सेवा समेत | ३००० | २००० | |

**३.४ होटल व्यवसाय तर्फ**

| | | | | |
|---|---|---|---|---|
| १ | सुबिधा सम्पन्न व्यावसायिक रिसोर्ट | १०००० | ७००० | |
| २ | सुबिधा सम्पन्न खाना तथा बासको व्यवस्था भएको | ५००० | ३००० | |
| ३ | स-साना खाजा तथा खाना र चिया पसल | २००० | १००० | |
| ४ | धुम्ती तथा ठेला पसल | ५०० | २०० | |

**३.५ स्वास्थ्य सेवा तर्फ**

| | | | | |
|---|---|---|---|---|
| १ | क्लिनिक | ५००० | २५०० | |
| २ | औषधि पसल थोक बिक्रेता | २००० | १००० | |
| ३ | औषधि पसल खुद्रा बिक्रेता | १००० | ५०० | |
| ४ | निजी अस्पताल तथा नर्सिङ होम | २०००० | १५००० | |
| ५ | निजी क्लिनिक तथा ल्याव सेवा | ५००० | ५००० | |

### ३.६ कम्पनी तर्फ

| | | | | |
|---|---|---|---|---|
| १ | बिज्ञापन एजेन्सी | २००० | १००० | |
| २ | परामर्श दाता (कन्सल्टेन्सी) | ५००० | ३००० | |
| ३ | बोर्डिङ स्कुल (आधारभुत १-५) | ५००० | ३००० | |
| ४ | बोर्डिङ स्कुल (आधारभुत १-८) | १०००० | ८००० | |
| ५ | बोर्डिङ स्कुल माध्यमिक | २०००० | १०००० | |
| ६ | निजी क्याम्पस, उच्च मा.वि. | २०००० | १५००० | |
| ७ | पुर्व आधारभुत तह मन्टेश्वरी | २००० | १००० | |
| ८ | कानुनी परामर्श तथा लेखापढीसेवा | २००० | २००० | |
| ९ | इन्जीनियरिङ परामर्श सेवा | ३००० | ३००० | |
| १० | शैक्षिक परामर्श सेवा | २००० | २००० | |
| ११ | कम्प्यूटर, फोटोकपी, ट्यूसन तथा भाषा शिक्षण संचालन तर्फ | ३००० | २००० | |
| १२ | Ncell टावर | २५००० | | |
| १३ | इन्टरनेट टावर | ५००० | | |
| १४ | केवुल प्रसारण | ५००० | | |
| १५ | फोटोकपी, फ्याक्स, लेमिनेशन, ब्यान्डीङ, कुरियर | २००० | १००० | |

### ३.७ बित्तिय संस्था तर्फ

| | | | | |
|---|---|---|---|---|
| १ | बैक, फाईनान्स, वित्तिय सस्थाहरु तथा सहकारी बैक (नाफामुलक) | १०००० | ८००० | |
| २ | ख वर्गको वा वित्तिय संस्था | ८००० | ६००० | |
| ३ | ग वर्गको बैक वा वित्तिय संस्थाको | ६००० | ५००० | |
| ४ | घ वर्गको बैक वा वित्तिय संस्था | ५००० | ४००० | |
| ५ | बचत तथा ऋण सहकारी संस्थाको खा.ब रिपोर्ट अनुसार प्रति एक लाख नाफामा न्यूनतम | १ प्रतिशत | .......... | प्रति एक लाखमा |
| ६ | कृषि तथा सेवामूलक सहकारी संस्थाको लेखा परीक्षण रिपोर्ट अनुसार प्रति एक लाख नाफामा | ०.५ प्रतिशत | ............ | प्रति एक लाखमा |
| ७ | रेमिट्यान्स सेवा बार्षिक मुनाफको | ३००० | १ प्रतिशत | |
| ८ | विमा कम्पनी दर्ता | ५००० | ५००० | |

### ३.८ उद्योग तर्फ

| | | | | |
|---|---|---|---|---|
| १ | पाउरोटी, बरफ, बिस्कुट तथा दालमोठ उद्योग | ३००० | १५०० | |

| | | | | |
|---|---|---|---|---|
| २ | पोलिथिन पाईप तथा अन्य प्लाष्टिकका सामानहरुको उद्योग | ५००० | ३००० | |
| ३ | फनिचर निर्माण उद्योग | ५००० | ३००० | |
| ४ | मैनबत्ती तथा अगर बत्ती उद्योग | २००० | १००० | |
| ५ | मसला उद्योग | २००० | १००० | |
| ६ | हूयूम पाईप, विद्युत पोल, तारबार पोल, सिमेन्ट ब्लक र सिमेन्ट रेलिङ उद्योग | १०००० | ६००० | |
| ७ | वालुवा खानी/ढुङ्गा गिटी खानी वालुवा संञ्चालन | १०००० | ६००० | |
| ८ | झोला तयारी गर्ने उद्योग | २००० | १००० | |
| ९ | डेरी उद्योग (दुग्ध तथा दुग्ध सम्बन्धि अन्य व्यवसाय | ३००० | २००० | |
| १० | स:मिल उद्योग | १०००० | ५००० | |
| ११ | ग्रील सटर उद्योग | ५००० | ३००० | |
| १२ | मिल (कुटानि, पिसानी) | २००० | १००० | |
| १३ | पानी घट्ट | ६०० | ४०० | |
| १४ | कुटानी पिसानी सानो मिल | १००० | ६०० | |
| १५ | क्रसर उद्योग साना बार्षिक | १५००० | | |
| १६ | क्रसर उद्योग मझौला बार्षिक | ४०००० | | |
| १७ | क्रसर उद्योग ठूला वार्षिक | ५०००० | | |
| १८ | सिमेन्ट उद्योगबाट उत्पादित सिमेन्ट प्रति बोरा | ०/५० | | |
| १९ | ग्यास उद्योग प्रति सिलिण्डर | ०/५० | | |
| २० | वालुवा धुने उद्योग वार्षिक | १५००० | | |
| २१ | वालुवा खानी तथा ढुंगाखानी अनुमती दस्तुर | ८०००० | | |
| २२ | वालुवा खानी तथा ढुंगा खानी नविकरण दस्तुर | ५०००० | | |
| २३ | वालुवा खानी तथा ढुङगा खानी नामसारी दस्तुर | ८०००० | | |
| २४ | ईट्टा, ब्लक, रिङ, र टायल उद्योग | ५००० | ३००० | |
| २५ | मादल, खैजडी लगायत स्थानीय बाजा निर्माण मर्मत तथा बिक्री | २००० | १००० | |
| २६ | सिरक डसना उद्योग/बिक्री | १००० | ६०० | |
| २७ | छाला जुत्ता उत्पादन तथा बिक्री पसल | १००० | ७०० | |

## ३.९ निर्माण व्यवसायी

| | | | | |
|---|---|---|---|---|
| १ | क श्रेणी | २०००० | १३००० | |
| २ | ख श्रेणी | १५००० | ९००० | |
| ३ | ग श्रेणी | १२००० | ८००० | |
| ४ | घ श्रेणी | १०००० | ७००० | |

## ३.१० वालुवा ,ढुङ्गा, रोडा ,गिटी, ग्राभेल निकासी कर (निजि खानी बाट)

| | | | | |
|---|---|---|---|---|
| १ | टिपर प्रतिटिप | १००० | | |
| २ | स्वराज | ४०० | | |
| ३ | ट्याक्टर | ३०० | | |
| ४ | इट्टा ढुंगा, बालुवा, तथा संकलन (डिपो) | ३००० | ३००० | |

# अनुसूचि -४

## (ऐनको दफा ५ संग सम्बन्धित)

## ४. जडिबुटी, कवाडी र जीबजन्तु कर :

## ४.१ चौपाय, चखेरु जन्य पदार्थ एवं अंग

| क्र.सं. | विवरण | रकम | |
|---|---|---|---|
| १ | हाड प्रति के.जी. | १ | |
| २ | सिङ प्रति के.जी. | २ | |
| ३ | खुर प्रति के.जी. | २ | |
| ४ | छाला (ठूलो) प्रति गोटा | २५ | |
| ५ | छाला (सानो) प्रति के.जी. | २५ | |
| ६ | हाँस, कुखुरा, जस्ता पंछीहरुको प्वाखप्रति के.जी. | १/५० | |
| ७ | जगर उन (प्राकृतिक र कृतिम प्रति के.जी. | १/५० | |

## ४.२ बनपैदावर

| क स | विवरण | प्रति क्यूफिट आन्तरिक निकासी | प्रति क्यूफिट बाह्य निकासी | |
|---|---|---|---|---|
| १ | सुकेढलेका काठ जुन प्रयोग गर्न लायक सालको काठ | १०० | २०० | |
| २ | सुकेढलेका काठ जुन प्रयोग गर्न लायक सिसौ लगायतका काठ | ७५ | १५० | |
| ३ | सुकेढलेका काठ जुन दाउराको रुपमा प्रयोग गर्न लायक | प्रति क्विन्टल<br>१०० आन्तरिक | १५० बाह्य | |

| | | | | |
|---|---|---|---|---|
| ४ | बाँस गोटा | ०/५० | | |
| ५ | बन नियमावलीले तोकिएको जडिबुटी | ०/२५ | | |
| ६ | वनकास अम्रिसो कुचो वावियो मलहनपत्ता पटेर छवाली पराल बकास लोक्ता निगालो प्रति के.जी. | १ | | |
| ७ | खोटो (लिसा) प्रति के.जी. | ०/५० | | |
| ८ | सालको (विया) प्रति के.जी. | ०/७५ | | |
| ९ | सल्लाको सिम्टा प्रति के.जी. | ०/२५ | | |

**अनुसूचि -५**
**(ऐनको दफा ६ संग सम्बन्धित)**

## ५. सवारी साधन कर

### ५.१ सवारी साधन तर्फ

| | | | | |
|---|---|---|---|---|
| १ | ढुवानी सेवा साना गाडीहरु ( Light Vehicle) | ३००० | १५०० | |
| २ | ढुवानी सेवा ठूला गाडीहरु (Heavy Vehicle) | ५००० | २५०० | |
| ३ | एक्साभेटर (एक आर्थिक बर्षको लागि गा.पा.मा सुचिकृत) | २०००० | ० | |
| ४ | जेसीबि (एक आर्थिक बर्षको लागि गा.पा. मा सुचिकृत) | १२००० | ० | |
| ५ | ट्रान्सपोर्ट सेवा | ५००० | २५०० | |

**अनुसूचि -६**
**(ऐनको दफा ७ संग सम्बन्धित)**

## ६. विज्ञापन करः

| क्र.स. | विवरण | शुल्क | |
|---|---|---|---|
| १ | ग्लो साइनबोर्ड, डिपिएस बोर्ड प्रति व.फि. | ५० | |
| २ | व्यानर ( बढीमा एक महिना सम्मको लागि) प्रतिगोटा | १०० | |
| ३ | आफ्नो व्यवसायको पहिचानको लागि व्यवसाय स्थलमा राखेको साइनवोर्डको | | |
| | कर नलाग्ने | | |

**अनुसूचि - ७**
**(ऐनको दफा ८ संग सम्बन्धित)**

**७. मनोरञ्जन कर**

| क.स. | विवरण | शुल्क | कैफियत | |
|---|---|---|---|---|
| १ | सिनेमा हल | १0000 | बार्षिक | |
| २ | नाट्यशाला | २000 | बार्षिक | |
| ३ | रोदीघर | ५000 | बार्षिक | |
| ४ | दोहोरी साँझ | ५000 | बार्षिक | |
| ५ | सास्कृती प्रदर्शनी (विभिन्न साँस्कृतिक कार्यक्रम) | १000 | दैनिक | |

**अनुसूचि - ८**
**(ऐनको दफा ९ संग सम्बन्धित)**

## ८. बहाल बिटौरी करः

| क.स. | विवरण | शुल्क | कैफियत | |
|---|---|---|---|---|
| १. | हल भाडा ठूलो | १000 | | |
| २ | हल भाडा सानो | ५00 | | |

**अनुसूचि - ९**
**(ऐनको दफा १० संग सम्बन्धित)**

## ९. पार्किङ शुल्क

| क.स. | विवरण | शुल्क | कैफियत | |
|---|---|---|---|---|
| १ | चार पाङ्ग्रे | २० | | |
| २ | दुइ पाङ्ग्रे | १५ | | |
| ३ | पटके | १० | | |

**अनुसूचि - १०**
**(ऐनको दफा ११ संग सम्बन्धित)**

## १०. ट्रेकिङ, कोयोकिङ , बन्जी जम्पिङ, जिम्फ्लायर र ऱ्याफ्टीङ शुल्क

| क.स. | विवरण | शुल्क | कैफियत | |
|---|---|---|---|---|
| १ | ऱ्याटीङ (एक पटक) | १000 | | |

## अनुसूचि - ११
## (ऐनको दफा १२ संग सम्बन्धित)

### ११. सेवा शुल्क/दस्तुर

| **क.** | **विभिन्न दस्तुर** | | |
|---|---|---|---|
| **क्र.स.** | **विवरण** | **शुल्क** | **कैफियत** |
| १ | मन्त्रालय | २०० | **योजना माग तथा सम्पन्न सिफारिस दस्तुर** |
| २ | विभाग | १५० | |
| ३ | डिभिजन | १०० | |
| ४ | अन्य | ५० | |
| | | | |

### ११.१ अन्य सिफारिस दस्तुर

| | | | |
|---|---|---|---|
| १ | नक्सा पास नयाँ निर्माण हुने पक्की (प्रति Squarefit) | ६ | |
| २ | नक्सा पास निर्माण भैइसकेको पक्की (प्रति Square fit) | ३ | |
| ३ | नक्सा पास नयाँ निर्माण हुने कच्ची (प्रति Square fit) | १ | |
| ४ | संस्थागत सिफारिस | १०० | |
| ५ | नयां नागरिकता सिफारिस | २०० | |
| ६ | नगरिकता प्रतिलिपि सिफारिस | २०० | |
| ७ | मुजुल्का सहितको नागरिकता सिफारिस | ३०० | |
| ८ | अंगिकृत नागरिकता सिफारिस | ५०० | |
| ९ | प्रहरी मुचुल्का सिफारिस | २०० | |
| १० | चार किल्ला सिफारिस | ३०० | |
| ११ | घरबाटो सिफारिस | ३०० | |
| १२ | बाटो सहितको घर बाटो सिफारिस | ३०० | |
| १३ | फोटो सहितको नाता प्रमाणित | ४०० | |
| १४ | जग्गा नाम सारी सम्बन्धी सिफारिस मुचुल्का | ३०० | |
| १५ | बेपत्ता नागरिकको जग्गा नामसारी सिफारिस | १००० | |
| १६ | भारत जाने सिफारिस | २०० | |
| १७ | सस्था दर्ता सिफारिस | १००० | |
| १८ | संस्था नबिकरण सिफारिस | ५०० | |
| १९ | बैदेशिक प्रयोजनको लागि सिफारिस | ५०० | |
| २० | रुख काट्न प्रति रुख (आवादी) | २०० | |
| २१ | विद्युत मिटर सिफारिस | २०० | |
| २२ | उद्योग दर्ता सिफारिस | १५०० | |

| | | | |
|---|---|---|---|
| २३ | पसल दर्ता सिफारिस | ६०० | |
| २४ | कुटानी पिसानी मिल दर्ता (ठूलो) | २००० | |
| २५ | कुटानी पिसानी मिल दर्ता (सानो) | १००० | |
| २६ | काठ मिल दर्ता सिफारिस | २००० | |
| २७ | मथि उल्लेखित भन्दा अन्य प्रकृतिको सिफारिस माग भइ आएमा प्रकृति हेरी गरिनेछ । | ५००–१००० | |
| २८ | अपुताली सिफारिस | २००० | |
| २९ | मोहि लगत कट्टा सिफारिस | ३०० | |
| ३० | घर कायम सिफारिस | १००० | |
| ३१ | छात्राबृत्ति सिफारिस | २०० | |
| ३२ | विपन्न विद्यार्थी छात्रबृत्ति सिफारिस | १०० | |
| ३३ | अपाङ सिफारिस | ० | |
| ३४ | अस्थाइ बसोबास सिफारिस | २०० | |
| ३५ | स्थायी बसोबास सिफारिस | २०० | |
| ३६ | आर्थिक अवस्था बलियो वा सम्पन्नता प्रमाणित | ५०० | |
| ३७ | आर्थिक अवस्था कमजोर वा विपन्नता प्रमाणित | १०० | |
| ३८ | धारा जडान सिफारिस | २०० | |
| ३९ | जिबित रहेको सिफारिस | २०० | |
| ४० | दुबै नाम गरेको व्यक्ति एकै हो भन्ने सिफारिस/फरक जन्म मिति संसोधन सिफारिस | ५०० | |
| ४१ | जग्गा मुल्याङकन सिफारिस/प्रमाणित | ५०० | |
| ४२ | व्यवसाय बन्द सिफारिस | २०० | |
| ४३ | व्यवसाय संचालन नभएको सिफारिस | २०० | |
| ४४ | व्यापार व्यवसाय नै नभएको सिफारिस | २०० | |
| ४५ | कोट फि मिनाहा सिफारिस | २०० | |
| ४६ | नावालक परिचय पत्र सिफारिस | ३०० | |
| ४७ | चौपाया सम्वन्धी खरिद बिक्री सिफारिस | ५०० | |
| ४८ | उद्योग ठाउँ सारी सिफारिस | ५०० | |
| ४९ | विद्यालय ठाउँ सारी सिफारिस | ५०० | |
| ५० | आन्तरिक बसाईसराइ सिफारिस | २०० | |
| ५१ | विद्यालय संचालन स्वीकृत/कक्षा वृद्धि सिफारिस | ५००० | |
| ५२ | व्यक्तिगत विवरण सिफारिस | ५०० | |
| ५३ | जग्गा दर्ता सिफारिस | ५०० | |
| ५४ | संरक्षक सिफारिस (व्यक्तिगत) | २०० | |

| | | | |
|---|---|---|---|
| ५५ | संरक्षक सिफारिस (संस्थागत) | १००० | |
| ५६ | नेपाल सरकारको नाममा बाटो कायम सिफारिस | ५०० | |
| ५७ | जिवितसंगको नाता प्रमाणित | ४०० | |
| ५८ | मृतक संगको नाता प्रमाणित | ४०० | |
| ५९ | कोठा खोल्ने कार्यमा/ रोहवरमा बस्ने | ४०० | |
| ६० | निशुल्क वा सशुल्क स्वास्थ्य उपचार सिफारिस | १०० | |
| ६१ | अन्य कार्यालयको माग अनुसार विवरण खुलाई पठाउने सिफारिस | १०० | |
| ६२ | विवाह प्रमाणित | ५०० | |
| ६३ | कागज/मन्जुरीनामा प्रमाणित | ५०० | |
| ६४ | अविवाहित प्रमाणित | १००० | |
| ६५ | कार्यमा रोहवर | ३०० | |
| ६६ | जग्गाधनी पुर्जा हराएको सिफारिस | ३०० | |
| ६७ | अग्रेजिमा सिफारिस तथा प्रमाणिकरण | ५०० | |
| ६८ | मल्टिमिडिया | २००० | |
| ६९ | साउण्ड सिस्टम | १००० | |
| ७० | विज्ञापन कर | ५०० | |
| ७१ | संघ संस्था नविकरण सिफारिस दस्तुर ३५ दिन भित्र | २०० | |
| ७२ | संघ संस्था नविकरण सिफारिस दस्तुर ३५ दिन पछि भाद्र मसान्त भित्र | ४०० | |
| ७३ | संघ संस्था नविकरण सिफारिस दस्तुर असोज मसान्त भित्र | ५०० | |
| ७४ | संघ संस्था नविकरण सिफारिस दस्तुर पौष मसान्त भित्र | ६०० | |
| ७५ | संघ संस्था नविकरण सिफारिस दस्तुर माघदेखि आषाढ मसान्त सम्म | ७०० | |
| ७६ | सघ संस्था नविकरण सिफारिस दस्तुर (जरिवाना) एक आ.ब. मा नविकरण नभएको अबस्थामा | १००० | |
| ७७ | अन्य जिल्लामा दर्ता भइ यस गा.पा. मा कार्यक्रम गर्ने अ.गै.स.स. सिफारिस दस्तुर | १०००० | |
| ७८ | अन्य जिल्लामा दर्ता भइ यस गा.पा. मा कार्यक्रम गर्ने गै.स.स. सिफारिस दस्तुर | ५००० | |
| ७९ | रु.१० लाखसम्मको कार्यक्रम कार्यान्वयन गर्ने | १००० | |
| ८० | रु. १० लाखदेखि ५० लाखसम्म कार्यक्रम कार्यान्वयन गर्ने | ५००० | |
| ८१ | यसै जिल्ला भित्र दर्ता भई यस गा.पा.क्षेत्र भित्र कार्यक्रम गर्ने NGO / INGP दर्ता | १०००० | |

| | | | |
|---|---|---|---|
| ८२ | रु. ५० लाख माथिको कार्यक्रम कार्यान्वयन गर्ने कार्यक्रम गर्ने NGO / INGP दर्ता | १०००० | |
| ८३ | कागजात प्रमाणित दस्तुर | ५०० | |
| ८४ | अन्य सिफारिस | ५०० | |

**११.३ घटना दस्तुर**

| क.स. | विवरण | शुल्क | |
|---|---|---|---|
| १ | घटना दर्ता ३५ दिन भित्र | ० | |
| २ | घटना दर्ता ३५ दिन भन्दा पछि | ५० | |
| ३ | घटना दर्ता प्रतिलिपि | १०० | |
| ४ | घटना दर्ता अंग्रेजीमा | १०० | |

**११.४ जलश्रोत समितिबाट निर्णय भई आएका बिभिन्न प्रकारका जलश्रोत उ.स. हरुको प्रमाण-पत्र उपलब्ध गराए बापत लिईने दस्तुर**

| क.स | विवरण | दस्तुर | नविकरण | कैफियत |
|---|---|---|---|---|
| १ | खानेपानी तथा सिँचाईको मुहान दर्ता प्रमाण पत्र र निवेदन दस्तुर | १००० | १००० | |
| २ | पेल्ट्रिक सेट ५ किलोवाट भन्दा माथि दर्ता प्रमाणपत्र निवेदन दस्तुर | १२०० | १२०० | |
| ३ | लघु जलविद्युत ५ किलोवाट देखि १० किलोवाटसम्मको दर्ता प्रमाणपत्र निवेदन दस्तुर | १५०० | १५०० | |
| ४ | प्रमाणपत्र प्रतिलिपी | ५०० | ५०० | |

**११.५ ग वर्गको इजाजत पत्र सम्बन्धमा (ग)**

| | | | | |
|---|---|---|---|---|
| १ | इजाजत पत्र दस्तुर | २००० | २००० | |
| २ | नामसारी दस्तुर | १५०० | १५०० | |
| ३ | नविकरण दस्तुर (असोज मसान्त सम्म) | १००० | १००० | |
| ४ | नविकरण दस्तुर (पौष मसान्त सम्म) | ३००० | ३००० | |
| ५ | इजाजत पत्र प्रतिलिपि | १००० | १००० | |

**११.६ लेखा परीक्षक**

| | | | | |
|---|---|---|---|---|
| १ | क. श्रेणी | ८००० | ८००० | |
| २ | ख. श्रेणी | ७००० | ७००० | |
| ३ | ग. श्रेणी | ६००० | ६००० | |
| ४ | घ. श्रेणी | ५००० | ५००० | |

## ११.७ सम्पत्ति मूल्याङ्कन

| क्र.स. | विवरण | शुल्क | कैफियत | |
|---|---|---|---|---|
| १ | रु ५ लाखसम्मको | १००० | | |
| २ | रु ५ लाखभन्दा माथि रु ५० लाखसम्मको | १०००० | | |
| ३ | रु ५० लाखभन्दा माथि रु १ करोडसम्मको | २०००० | | |
| ४ | रु १ करोडभन्दा माथि जति सुकै भए पनि | २५००० | | |

११.८ अन्य दर्ता दस्तुर

| | | | | |
|---|---|---|---|---|
| २ | कबुलियत बन दर्ता | १००० | १००० | |
| ३ | प्रतिष्ठान दर्ता | १००० | १००० | |
| ४ | बालक्लब दर्ता | २०० | २०० | |
| ५ | आमा समूह दर्ता | २०० | २०० | |
| ६ | टोल सुधार समिति दर्ता | २०० | २०० | |
| ७ | कृषि समूह दर्ता | २०० | २०० | |
| ८ | यूवाक्लब दर्ता | ५०० | ५०० | |
| ९ | कुखुरा फाराम दर्ता | १००० | १००० | |
| १० | माछा पालन दर्ता | १००० | १००० | |

**अनुसूचि - १२**

**(ऐनको दफा १३ संग सम्बन्धित)**

**१२ - पर्यटन शुल्क**

**१२. १ - मठ, मन्दिर शिवालय, चर्च, गुम्बा मस्जिद**

| | | | | |
|---|---|---|---|---|
| १ | मण्डली माई दर्ता | १००० | १००० | |
| २ | जलमुखी माई | १००० | १००० | |
| ३ | अनकन्या मन्दिर चैनपुर | १००० | १००० | |
| ४ | शिवालय बुङ्कोटघाट | १००० | १००० | |
| ५ | खरीकोट | १००० | १००० | |
| ६ | मैदीकोट | १००० | १००० | |
| ७ | ज्वालामुखी गाँउपालिका भित्र अवस्थित स्थानीय मठमन्दिर, गुम्बा मस्जिद, चर्च, देवालयहरुको संरक्षण र संबर्द्धनको लागि | ५०० | ५०० | |
| ८ | नदिमा जलविहार अनुमति | ३००० | ३००० | |
| ९ | नदिमा जलविहार अनुमति नविकरण | १००० | १००० | |